Symbol No.................. RE-123'AP'

# SEE 2075 (2019)

## अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

### समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. कर्णाली प्रदेशका कुनै दुईओटा सामाजिक विशेषताहरू लेख्नुहोस् ।
Write down any two social characteristics of Karnali Province.

२. 'सीपयुक्त जनशक्ति समृद्ध नेपालको आधार हो' किन ? एउटा कारण दिनुहोस् ।
Skilled human resource is the foundation of prosperous Nepal. Why ? Give a reason.

३. पञ्चबुद्ध नृत्य कस्तो नृत्य हो ?
What type of dance is Pancha Buddha dance ?

४. मानवबेचबिखन नियन्त्रणमा स्थानीय सरकारले खेल्नुपर्ने कुनै एक भूमिका उल्लेख गर्नुहोस् ।
Mention a role that should be played by the local government to control human trafficking.

५. शीतयुद्ध भनेको के हो ?
What is cold war ?

६. चालु योजनाको सबैभन्दा महत्त्वपूर्ण चुनौती र त्यसको समाधानको उपाय लेख्नुहोस् ।
Write the major challenge and its solution of current plan.

७. स्थानीयकरणलाई प्रभावकारी बनाउने कुनै एक तरिका के हुनसक्छ ?
What can be the method to make localization effective ? Write any one method.

### समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. दुई प्रदेशको नक्सा यहाँ दिइएको छ । यी दुई प्रदेशबीच निम्न बुँदाका आधारमा फरक देखाउनुहोस् ।
The map of two provinces are given here. Differentiate them based on the given points below.

(i) प्रमुख पर्यटकीयस्थल (Major tourism centre)
(ii) प्रमुख व्यापारिक केन्द्र (Major trading centre)
(iii) प्रमुख नदीहरू (Main Rivers)


नक्सा (क)


नक्सा (ख)

क्रमशः

९. ‘माथिल्लो तामाकोशी आयोजना’लाई किन ‘राष्ट्रिय गौरवको आयोजना’ भनिन्छ ? यसबाट राष्ट्रिय विकासका कुनकुन क्षेत्रमा प्रत्यक्ष सहयोग पुग्छ ? कुनै तीनवटा क्षेत्र पहिचान गरी लेख्नुहोस् ।
Why is the 'Upper Tamakoshi Hydro Project' called as a project of 'National Pride'? In which sectors of national development are directly benefited from this project ? Identify any three sectors and write them.

१०. बालश्रम शोषण विरूद्ध कैलाश सत्यार्थीले चलाएको अभियानलाई नेपालका साथै विश्वव्यापीरूपमा प्रभावकारी बनाउन तपाई के कदम चाल्नुहुन्छ ? आफूले गर्नसक्ने चार योगदान लेख्नुहोस् ।
What steps should you launch to succeed the expedition conducted by Kailash Satyarthi against the child labour in the world as well as in Nepal also ? Write four contributions that you can do.

११. भविष्यमा तपाईंको परिवारका सदस्यको विवाहमा दाइजो लिने दिने कुरा चल्यो भने तपाईंको प्रतिक्रिया के हुनेछ ? चार बुँदामा लेख्नुहोस् ।
How would you react while it is discussed regarding taking and giving dowry in your family member's marriage in future ? Write in four points.

१२. विश्व मानव अधिकार घोषणापत्रमा प्रदान गरेका मानव अधिकारहरू मध्ये तपाईंले कुनकुन अधिकारहरू उपयोग गरिरहनुभएको छ ? ती अधिकार उपयोग गर्दा तपाईंलाई केके फाइदा भएको छ ?
Among them, what kind of Rights are you utilizing now which are provided by World Human Rights Declaration ? What kind of benefits do you get form the utilization of those rights ?

१३. संयुक्तराज्य अमेरिका र क्यानडामा कृषि व्यावसायिक छ । हाम्रो देशको कृषिलाई पनि व्यावसायीकरण गर्न उनीहरूबाट के पाठ सिक्न सकिन्छ ? चार बुँदामा उत्तर लेख्नुहोस् ।
The agriculture is commercial in the USA and Canada. 'What should we learn from them to make our agriculture commercialized ? Write in four points.

१४. समशितोष्ण प्रदेशका मानिसहरूका कुनै चारवटा आर्थिक क्रियाकलापहरू उल्लेख गर्नुहोस् ।
Write any four economic activities of temperate climatic zone.

१५. ‘२००७ देखि २०१७ को दशक राजनीतिक संक्रमण र अस्थिरताको दशक थियो’ भन्ने विषयमा एक वक्तृत्व तयार पार्नुहोस् ।
The period of '2007-2017 B.S. was the decade of political transition and instability'. Prepare a oratory on it.

क्रमश:

१६. कुनै सीपबिना, साथीको लहलहैमा वैदेशिक रोजगारीमा जान तयार भएका तपाईंका छिमेकीलाई तपाईं के सल्लाह दिनुहुन्छ ? चार बुँदामा उल्लेख गर्नुहोस् ।
What would you suggest to your neighbour going for foreign employment with the influence of friend but not having any skills. Mention in four points.

१७. समसामयिक घटना भन्नाले के बुझिन्छ ? वर्तमान विश्वका चारवटा समसामयिक घटनाहरूको सूची बनाउनुहोस् ।
What do you mean by current affair ? What are the current affairs happening at present. List any four of them.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** **४x७=२८**
**Write long answer of the following questions.**

१८. 'मौलिक हक र संविधानको संरक्षणमा सर्वोच्च अदालतको योगदान' शीर्षक अन्तर्गत एक दैनिक पत्रिकामा प्रकाशित गर्ने लेखको नमुना तयार पार्नुहोस् ।
Prepare a model of an article to be published in a daily newspaper under the title, "Contribution of Supreme Court: Protection of Fundamental Rights and Constitution."

१९. पृष्ठभरि नेपालको नक्सा बनाई उपयुक्त संकेतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a full page map of Nepal and insert the following facts using appropriate symbols.
गणेश हिमाल (Mt. Ganesh), कोशी टप्पु (Koshi Tappu), मुक्तिनाथ (Muktinath), कर्णाली नदी ( River Karnali)

**अथवा (Or)**

अफ्रिकाको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a map of Africa and insert following facts.
नाइल नदी (River Nile), एटलस पर्वत (Atlus Mountain), नमिब मरुभूमि (Namib Desert), मडगास्कर टापु (Madgascar)

२०. दोस्रो विश्वयुद्धका कारणहरू प्रथम विश्वयुद्धका परिणामहरूसँग अन्तरसम्बन्धित छन् कसरी ? विश्लेषण गर्नुहोस् ।
The causes of Second World War are interrelated with consequences of the First World War. How ? Analyze.

२१. राजस्व भनेको के हो ? प्रत्यक्ष करका फाइदा र बेफाइदाहरू छोटकरीमा वर्णन गर्नुहोस् ।
What is revenue ? Explain briefly the merits and demerits of direct tax.

Symbol No.................. RE-123 'BP'

# SEE 2075 (2019)

## अनिवार्य सामाजिक अध्ययन

## (नयाँ पाठ्यक्रम)

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

### समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. मानव संसाधन व्यवस्थापन भनेको के हो ?
What do you mean by human resource management ?

२. दिगो विकासको लक्ष्य नं. १४ नेपालका लागि त्यति सान्दर्भिक छैन । किन ?
Goal no. 14 of sustainable development is not so relevant in Nepalese context. Why ?

३. लोकनृत्य संरक्षणमा प्रदेश सरकारको भूमिका एक वाक्यमा लेख्नुहोस् ।
Write a role to be played by the provincial executive to preserve folk dance.

४. तपाईं नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा पुग्नुभयो भने के कस्ता गतिविधिमा संलग्न हुनुहोला ? कुनै दुईओटा गतिविधिहरू लेख्नुहोस् ।
What sorts of activities would you involve, if you could undertake the leadership of Red Cross Society ? State any two activities.

५. परामर्शदातृ सरकारको कुनै एक विशेषता उल्लेख गर्नुहोस् ।
Mention any one characteristic of advisory government.

६. सहकारीको कुनै एक सामाजिक महत्त्व उल्लेख गर्नुहोस् ।
Mention a social importance of co-operative.

७. कुनै एक समसामयिक घटना लेखी त्यसले राष्ट्रमा पारेको कुनै एक प्रभाव उल्लेख गर्नुहोस् ।
Write any one current event and mention an impact that has caused on nation.

### समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. आफू बसेको प्रदेशको धरातलीय स्वरूप, हावापानी तथा वनस्पति, जनजीवन र आर्थिक अवस्थाको संक्षिप्त परिचय दिनुहोस् ।
Give a brief introduction of land relief, climate and natural vegetation, life style and economic condition of your province.

क्रमशः

९. दिगो विकासका लक्ष्यहरू मध्येको एउटा लक्ष्य "जलवायु परिवर्तन तथा यसका प्रभावहरू विरूद्ध लड्न तत्काल कार्य थाल्ने" भन्ने छ । जलवायु परिवर्तनबाट निस्कने दुष्परिणामको जिम्मेवार तपाईं कसलाई ठान्नुहुन्छ ? किन ? आफ्नो विचार चार बुँदामा लेख्नुहोस् ।
One of the goals of sustainable development is- "Immediate start the action against to fight with the climate change and its effects." In your opinion who is the more responsible for causing the harmful effects from the climate change ? Write your views in four points.

१०. वर्तमान परिवेशमा कुनकुन दुईओटा राष्ट्रिय दिवसहरू मनाउन अपरिहार्य होला ? चार बुँदामा आफ्नो तर्क प्रस्तुत गर्नुहोस् ।
In the present context, which of the two national days do you think are needed to be observed ? Present your logic in four points.

११. एक्काइसौँ शताब्दीमा पनि नेपाली समाजमा विद्यमान रहेको छुवाछुत प्रथा अन्त्यका लागि कस्ता नीति नियमहरू बनाउँदा बढी प्रभावकारी होलान् ? चार बुँदामा उल्लेख गर्नुहोस् ।
What type of rules and regulations should be formulated to be more effective in order to abolish the untouchability still exiting in 21st century in the Nepalese societies ? Write in four points.

१२. "म पढ्न चाहन्छु । यहाँबाट मुक्त हुन चाहन्छु । दैनिक २० घण्टाभन्दा बढी काम गर्नुपर्छ । म दैनिक हिंसाको सामना गरिरहेको छु । खै मेरो मानव अधिकार ?" प्रस्तुत भनाइ एक पीडित व्यक्तिको हो । त्यहाँ मुख्य समस्या के होला ? उनको मानव अधिकार कसरी दिलाउन सकिएला ?
"I want to study, I want to be free from here. I have to work more than 20 hours daily. I am daily facing violence. Where is my human right ?" Given statement is one of the victimised persons. What might be the major problem ? How can his/her human right be provided ?

१३. उष्ण तथा समशीतोष्ण हावापानी कृषि तथा मानवीय बसोबासका लागि उपयुक्त छन् भन्ने तथ्यमा आधारित भएर त्यससँग सम्बन्धित कुनै चार प्रश्न र ती प्रश्नका सम्भावित चार उत्तर तयार पार्नुहोस्।
Tropical and sub-tropical climate regions are appropriate for agriculture and human settlement. Prepare a model of four questions and their possible answers on the basis of the statement.

१४. उष्ण प्रदेशका मानिसहरूका मुख्य आर्थिक गतिविधिहरू के के हुन् ? छोटकरीमा बयान गर्नुहोस् ।
What are the major economic activities of tropical region ? Explain in short.

१५. ऐतिहासिक स्थल एवम् साँस्कृतिक स्मारकहरूको पुन: निर्माण पुरानै शैली र ढाँचामा गर्न उपयुक्त हुन्छ कि आधुनिक ढाँचा र प्रविधिको प्रयोग गरेर गर्नुपर्छ भन्ने सवालमा बहस हुँदा तपाईं कुन मान्यतामा विश्वास गर्नुहुन्छ र किन ?
There is a motion whether the historical and cultural places to be restructured on antique style is appropriate or restructured those on modern style and use of modern technology. Which side do you support and why ?

क्रमश:

१६. हुन्डीबाट रकम पठाइरहने विदेशमा रहेका आफ्ना अभिभावकलाई रकम पठाउने उपयुक्त तरिका उल्लेख गरी सुझाव दिनुहोस् ।
Suggest your guardian working abroad and sending money via 'Hundy' by mentioning the appropriate ways of sending money here.

१७. संयुक्त राष्ट्रसंघमा नेपालले गरेको कुनै चारवटा योगदानको सूची बनाउनुहोस् ।
List out any four contributions Nepal has rendered The United Nations Organization.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् । ४x७=२८**

**Write long answer of the following questions.**

१८. नेपालमा महिला सशक्तिकरणका लागि व्यवस्था गरिएका संवैधानिक/कानुनी प्रावधानहरू के कति प्रभावकारी भएका छन् ? बुँदागतरूपमा मूल्याङ्कन गर्नुहोस् ।
How far have the constitutional/legal provisions made to empower women in Nepal become effective ? Evaluate in points.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई उपयुक्त संकेतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a full page map of Nepal and insert the following facts using appropriate symbols.
मान्मा (Manma), कन्काइ नदी (River Kankai), गढीमाइ मन्दिर (Gadhimai Temple), बाँके राष्ट्रिय निकुञ्ज (Banke National Park)

**अथवा (Or)**

उत्तर अमेरिकाको नक्सा बनाई निम्नलिखित तथ्यहरू भर्नुहोस् ।
Draw a map of North America and insert the following facts.
मायमी (Miami), सुपेरियर ताल (Lake Superior), न्यू फाउण्डल्याण्ड (New Foundland), लाब्राडोर सागर (Labrador Sea)

२०. "प्रजातान्त्रिक राजनीतिको एक दशक (२००७-२०१७ साल) राजनीतिक अन्योलको अवस्था थियो" भन्ने कुरा चार बुँदामा उल्लेख गर्नुहोस् । तत्कालीन राजा महेन्द्रबाट २०१७ साल पौष १ गते दलमाथि लगाइएको प्रतिबन्ध उपयुक्त नभएको कुरा तीन बुँदामा उल्लेख गर्नुहोस् ।
"A decade (2007-2017) of democratic politics in Nepal was the state of instability." Elaborate it in 4 points. The restriction put on the political parties in 2017 Paush 1 by the then king Mahendra was inappropriate. Justify it in three points.

२१. बिमाको परिचय दिनुहोस् । बिमाका प्रकारहरू छोटकरीमा वर्णन गर्नुहोस् ।
Introduce insurance. Explain briefly the types of insurance.

Symbol No.................. RE-123'CP'

# SEE 2075 (2019)

## अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

### समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. मानव संसाधन विकास र मानव संसाधन व्यवस्थापनबीचको एक भिन्नता लेख्नुहोस् ।
Differentiate in a point between human resource development and human resource management.

२. पूर्वाधारको विकासले ल्याउने कुनै एक सामाजिक परिवर्तन लेख्नुहोस् ।
Write any one social change brought in by infrastructure development.

३. साँस्कृतिक सम्पदाका दुईवटा महत्त्व लेख्नुहोस् ।
Write the importance of cultural heritage with two points.

४. महिला हिंसा विरूद्ध जनचेतना जगाउने नारा तयार पार्नुहोस् ।
Prepare a slogan to create awareness against gender violence.

५. त्रिपक्षीय सन्धी र त्रिपक्षीय मैत्री सन्धीबीचको कुनै एक समानता लेख्नुहोस् ॥
Write down one similarity between Triple Alliance and Triple Entente ?

६. उपभोग्य वस्तुमा मिसावट नियन्त्रणमा भएका प्रयासलाई अझ प्रभावकारी बनाउन के सल्लाह दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।
What suggestion would you like to forward in regard of the efforts being made in controlling the adulteration of consumer's goods ? Write in a sentence.

७. निषेधिकारको कुनै एक सबल पक्ष लेख्नुहोस् ।
Write any one positive aspect of veto power.

क्रमश:

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. नेपालका तीनवटा प्रदेश 'गण्डकी', 'कर्णाली' र 'सुदूरपश्चिम ' भनी नामाकरण भैसकेका छन् । बाँकी चारवटाको नामाङ्कन भैसकेको छैन । ती प्रदेशहरूको नाम के राख्नुपर्छ र किन ? तलको जस्तै तालिका बनाई आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

'Gandaki' 'Karnali' and 'Far-western' are already named three provinces of Nepal. Other four provinces are left for naming. What should be the name for those provinces and why ? Prepare a table like the same given following then present your views.

| प्रदेश (Province) | नाम (Name) | नाम राख्नुको कारण (Cause for naming) |
|---|---|---|
| १.<br>२.<br>३.<br>५. | | |

९. नेपालमा दिगो विकासका कुनै चार चुनौतीहरू उल्लेख गर्नुहोस् ।

Mention any four challenges of sustainable development in Nepal.

१०. ज्येष्ठ नागकिहरूको ज्ञान र अनुभवले राष्ट्रको समुन्नतिमा सकारात्मक टेवा पुग्नसक्छ । उनीहरूको जीवनलाई सहज र व्यवस्थित बनाउन के गर्नुपर्ला ? चार बुँदामा लेख्नुहोस् ।

The Knowledge and experience of senior citizens can guide the nation for further betterment. What should be done to make their life more easy and comfortable ? Write in four points.

११. घरेलु हिंसालाई तपाईं कसरी परिभाषित गर्नुहुन्छ ? यो समस्या समाजबाट हट्न नसक्नुमा कस्ता कारणहरू जिम्मेवार छन् भन्ने लाग्दछ ? आफ्नो तीनवटा दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।

How do you define the domestic violence ? What kind of courses are responsible not to be eliminated from our society ? Present your own opinion in three points.

१२. महिला सशक्तिकरणका लागि संविधान, कानुन तथा अन्य नीतिमा राखिएका प्रावधानहरूले महिलाहरूमा आएको सकारात्मक उपलब्धिका विषयमा एउटा राष्ट्रिय दैनिकका लागि सम्पादकीय नमुना तयार पार्नुहोस् ।

Prepare a model of editorial article for a national daily on the topic of positive achievements brought in women after the provisions made in the constitution, law and other policy.

१३. 'दक्षिण अमेरिकाका पर्वत र मरुभूमिहरू विकासका बाधक नभई साधकका रूपमा रहेका छन्' भन्ने सन्दर्भलाई भौगोलिक कारण दिई पुष्टि गर्नुहोस् ।
'The mountains and deserts of South America are the means of development rather than barrier' Justify your answer with geographical reasons.

१४. भूमध्यरेखीय क्षेत्रमा पाइने हावापानी र वनस्पतिका दुईदुईवटा विषेताहरू कारणसहित प्रस्तुत गर्नुहोस्।
Present two features each of the climate and vegetation found in the Equatorial Region with reason.

१५. वि.सं. २०६२/०६३ देखि हालसम्मका मुख्य-मुख्य चार राजनैतिक घटनाक्रमलाई समयरेखामा प्रस्तुत गर्नुहोस् ।
Construct a time line by indication any four major political events of Nepal form 2062/063 to present.

१६. मानौँ तपाईं बिमा अभिकर्ता हुनुहुन्छ । तपाईंको छिमेकी एक कृषकलाई आफ्नो पशु र बाली बिमा गर्दा हुने कुनै चारवटा फाइदाहरू बताई बिमा गर्न उत्प्रेरित गर्नुहोस् ।
Suppose you are agent of insurance, now present any four advantages of animal and agriculture insurance to insist your neighbouring farmer.

१७. विश्वव्यापीकरणको परिभाषा दिनुहोस् । यसबाट हुने कुनै तीनवटा फाइदा लेख्नुहोस् ।
Define globalization and write any three advantages of globalization.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** **४x७=२८**

**Write long answer of the following questions.**

१८. निर्वाचन आयोगले मतदानका लागि मतपत्रको सट्टा विद्युतीय मतदान मेसिनको प्रयोगलाई प्रचलनमा ल्याउन सुरु गरिसकेको छ । यस मेसिनको प्रयोग गरी मतदान गर्दा आउने प्रभावहरू विश्लेषण गर्नुहोस् ।
The election commission has started using electric voting machine in place of ballot paper. Analyze its impacts.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a full page map of Nepal and insert the following facts using appropriate symbols.

(i) अपी (Api) (ii) शुक्ला फाँटा वन्यजन्तु आरक्षण (Shuklaphata Wildlife Reserve)
(iii) नारायणी नदी (River Narayani) (iv) धनकुटा (Dhankuta)

**अथवा (Or)**

अफ्रिकाको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a map of Africa and insert the following facts.

(i) भिक्टोरिया ताल (Lake Victoria) (ii) कालाहारी मरुभूमि (Kalahari Desert)
(iii) नाइजर नदी (River Niger) (iv) कायरो सहर (Cairo City)

क्रमश:

२०. "राष्ट्रसंघले (League of Nations) लिएको उद्देश्यअनुरूप कार्य गरेको भए द्वितीय विश्वयुद्ध हुने थिएन।" यस भनाइलाई स्थापनाको उद्देश्यहरूका आधारमा एक विश्लेषणात्मक लेख तयार पार्नुहोस्।

"The Second World War would not have occurred if the League of Nations had enacted its objectives". Prepare an analytical article on the basis of its establishing objectives.

२१. राजस्वको परिचय दिई प्रत्यक्ष र अप्रत्यक्ष करबीच तुलना गर्नुहोस्।

Introduce revenue. Make a comparative study between direct and indirect tax.

Symbol No..................                                                                 RE-123'DP'

**SEE 2075 (2019)**

**अनिवार्य सामाजिक अध्ययन**

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

**समूह 'क' (Group 'A')**

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. मानव संसाधन विकासलाई नेपालको सन्दर्भमा अझ सुदृढ बनाउन के गर्नुपर्ला ? तपाईंको धारणा एक वाक्यमा लेख्नुहोस् ।

What should be done to the further strengthen of human resource development in the context of Nepal ? Write your opinion in a sentence.

२. दिगो विकासका कुनै दुईवटा आयामहरू लेख्नुहोस् ।

Write down any two dimensions of sustainable development.

३. नेपालमा लोकगीत लोप हुँदै जानुका कुनै एक कारण प्रस्तुत गर्नुहोस् ।

Present any one reason behind the extinct of folk songs in Nepal.

४. "छुवाछुत कानुनमा भन्दा व्यवहारमा हट्नु जरूरी छ ।" किन ?

It is necessary to remove untouchability in practice rather than the formulation of laws alone." Why ?

५. १२ बुँदे सम्झौता भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

What is twelve points agreement ? Write in a sentence.

६. कर प्रणालीमा सुधार ल्याउन सरकारको भूमिका के हुनसक्छ ? एक वाक्यमा लेख्नुहोस् ।

What can be the role of government to improve tax system ? Write in a sentence.

७. 'जलवायु परिवर्तन' सम्बन्धमा नेपालले खेलेको कुनै एक प्रयास उल्लेख गर्नुहोस् ।

Mention an effort played by Nepal in regard of 'Climate change'.

**समूह 'ख' (Group 'B')**

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. तपाईंको क्षेत्रमा मानव विकास सूचकाङ्कलाई वृद्धि गर्न प्रादेशिक सरकारले निर्वाह गर्नसक्ने कुनै चारवटा भूमिकाहरू उल्लेख गर्नुहोस् ।

List any four roles can be played by the provincial government to upgrade the Human Development Index (HDI) in your area.

क्रमश:

९. के नेपालले दिगो विकासका महत्त्वकांक्षी लक्ष्यहरू पूरा गर्नसक्ला ? आफ्ना तर्कहरू चार बुँदामा दिनुहोस् ।

"Can Nepal achieve such ambitions sustainable development goals ? Give your logics in four points.

१०. तपाईंलाई मन पर्ने चार हरफको लोकगीतको रचना गर्नुहोस् र त्यो लोकगीतमा कुनकुन लोकबाजाहरू प्रयोग हुन्छन् ? दुईवटाको नाम लेख्नुहोस् । ती बाजा प्रयोग गर्नुपर्ने एउटा कारण पनि दिनुहोस् ।

Construct a four line Nepali folk song which you like. Which folk instruments are used for that song ? Name any two folk instrument used. Give a reason to use those instruments for that song.

११. सामाजिक समस्या समाधान गर्न नेपालमा धेरै गैर-सरकारी संस्थाहरू क्रियाशील रहे पनि समाजबाट ती समस्या समाधान नहुनुलाई तपाईं के भन्नुहुन्छ ? आफ्नो धारणा चार बुँदामा लेख्नुहोस् ।

In spite of many non-governmental organizations are working to solve the social problems in Nepal, those problems are still existing. What do you think about it ? Express your views in four points.

१२. नेपालमा मत अस्वीकार गर्ने अधिकार प्रावधान (Right to Reject) को प्रयोग गर्दा हुनसक्ने प्रभावहरू चार बुँदामा लेख्नुहोस् ।

Identify the impacts about the provision of Right to Reject vote (NOTA) in Nepal after its implementation. Write in four points.

१३. तपाईंले नेपालको तराईदेखि हिमाली क्षेत्रसम्मको अवलोकन भ्रमण गर्दा कस्तो हावापानी, वनस्पति र जनजीवनको अनुभव गर्नुभयो ? कारणसहित तालिकामा देखाउनुहोस् ।

What sorts of climate, natural vegetaion and life-style did your experience while you were in a tour from Terai to mountain region of Nepal ? Show in a table with reasons.

१४. सामुद्रिक दूरीले नेपालको हावापानीमा कसरी प्रभाव पारेको छ ? उदाहरणसहित लेख्नुहोस् ।

How does distance from sea affect on climate of Nepal ? Write with examples.

१५. तपाईंले सुखानी हत्याकण्ड भएको स्थल 'शहिद पार्क' भ्रमण गर्ने अवसर पाउनुभयो । सो हत्याकाण्ड र हत्या स्थललाई समेटेर कुनै समाचारको नमूना तयार पार्नुहोस् ।

Imagine you got an opportunity to make a tour at "Shaheed Park" - The Sukhani Assassination place, now prepare a draft of a news story comprising the assassination and its place.

क्रमशः

१६. सफा नोटको प्रयोग र त्यसको सदुपयोग सम्बन्धमा तपाईंको समुदायको अवस्था समेटी कुनै अखबारका लागि समाचार तयार पार्नुहोस् ।
Prepare a news for a newspaper comprising the present condition of use and utilization of clean note in your community.

१७. संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गर्न पूरा गर्नुपर्ने आधारहरू प्रस्तुत गर्नुहोस् ।
Mention the criteria to receive the UN membership.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** **४x७=२८**
**Write long answer of the following questions.**

१८. तपाईं नेपालमा राजनीतिक दल दर्तासम्बन्धी संवैधानिक प्रावधानहरू किन उपयुक्त ठान्नुहुन्छ ? आफ्ना विश्लेषणात्मक विचारहरू बुँदागतरूपमा उल्लेख गर्नुहोस् ।
Why do you consider the constitutional provisions related to register political party in Nepal appropriate? Mention yours analytical opinions in points.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई उपयुक्त संकेतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a full page map of Nepal and insert the following facts using appropriate symbols.
शैलेश्वरी मन्दिर (Shaileswori Temple), नेपालगञ्ज (Nepalgunj), मदन भण्डारी लोकमार्ग (Madan Bhandari Highway), गणेश हिमाल (Ganesh Himal)

**अथवा (Or)**

उत्तर अमेरिकाको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् ।
Draw the map of North America and fill up the following facts there.
साल्ट लेक सहर (Salt Lake City), भ्यानकुभर टापु (Vancuver Island), मिसौरी नदी (Missauri River), क्युवेक (Quebec)

२०. जनमत संग्रह, २०३६ को पृष्ठभूमि, जनमत संग्रहमा पञ्चायती व्यवस्थाका गतिविधि र राजनीतिक दलहरूको भूमिका प्रस्ट पार्नुहोस् ।
Clarify the background of Referendum, 2036 B.S., activities of Panchayat System and role of political parties in Referendum.

२१. सन् २०२० लाई नेपालले 'नेपाल भ्रमण वर्ष' का रूपमा मनाउन गइरहेको सन्दर्भमा उक्त कार्यमा स्थानीय तहले खेल्नुपर्ने भूमिका समेटी दुई साथीबीचको एक संवाद तयार पार्नुहोस् ।
Nepal is going to observe "Nepal Visit Year" in 2020 A.D. Prepare a dialogue between two friends comprising the role of local level to be played for that task.

Symbol No.................. RE-123'EP'

**SEE 2075 (2019)**

# अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

## समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. संघीयताले स्थानीय विकासमा सघाउ पुऱ्याउँछ भन्ने दृष्टिकोणको पक्षमा वा विपक्षमा तपाईंको विचार एक वाक्यमा लेख्नुहोस् ।
Write your opinion for or against on federalism that contributes in the local development in a sentence.

२. स्थानीय तहमा विकास प्रस्ताव तर्जुमाका कुनै एक फाइदा प्रष्ट पार्नुहोस् ।
Justify anyone benefit of development proposal formulation at local level.

३. 'मार्टिन लुथर किङ' समानता र स्वतन्त्रताका पक्षपाती थिए । एक वाक्यमा स्पष्ट पार्नुहोस् ।
'Martin Luther King was the keen supporter of equality and freedom'. Justify it in a sentence.

४. एस.ओ.एस. बालग्राम स्थापनाको औचित्य एक बुँदामा पुष्टि गर्नुहोस् ।
Prove the rationale of establishing S.O.S. Children Village in a point.

५. प्रथम विश्वयुद्धको तत्कालीन कारण के थियो ?
What was the immediate cause of World War I ?

६. चौधौं योजनाले पर्यटन प्रबर्द्धनमा राखेको कुनै एक रणनीति उल्लेख गर्नुहोस् ।
Mention any one strategy introduced by 14th periodic plan to promote tourism.

७. नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता कहिले प्राप्त गरेको थियो ?
When had Nepal got membership of the UNO ?

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. मानव संसाधन व्यवस्थापनका कुनै चार विशेषताहरू लेख्नुहोस् ।
Write any four characteristics of Human Resource Management.

९. "सबै ठाउँबाट सबै प्रकारका गरिबीलाई अन्त्य गर्ने ।" नेपालमा दिगो विकासको यो लक्ष्य प्राप्त गर्ने चार उपायहरू उल्लेख गर्नुहोस् ।
"End poverty in all its forms everywhere." Mention any four measures to achieve this goal of sustainable development.

क्रमशः

१०. हाम्रा सामाजिक मूल्य मान्यतालाई जोगाइराख्न नागरिकले निभाउनुपर्ने कुनै चार भूमिका उल्लेख गर्नुहोस् ।

State any four roles to be performed by citizens to preserve our social norms and values.

११. प्लान नेपालले नेपाली बालबालिकाहरूको विकासमा पुऱ्याउँदै आएको सहयोगका सम्बन्धमा आफ्ना विचार लेख्नुहोस् ।

Mention your opinion about the contribution made by Plan Nepal to promote the rights of the children in Nepal.

१२. नेपालजस्तै प्रजातान्त्रिक मुलुकमा संवैधानिक निकायहरूको आवश्यकता चार बुँदामा पहिचान गर्नुहोस् ।

Identify the necessity of constitutional organs in democratic nations like Nepal. Write in four points.

१३. दक्षिण अमेरिका महादेशको उत्तरी भाग (क्यारेबियन सागर) देखि दक्षिणी भाग केपहर्न (Capehorn) सम्मको भौगोलिक यात्रा गर्दा तपाईंले कस्तो कस्तो धरातलीय स्वरूप र हावापानी पाउनुहुन्छ ? आफूले पाउने धरातल र हावापानी चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

What sorts of geographical structure and climate would you experience while you have been to Caribbean sea, northern part of South America to Capehorn, the southern part of it ? Write in four points of your findings.

१४. अफ्रिका महादेशको सामाजिक र आर्थिक क्रियाकलाप कुनै चार बुँदामा उल्लेख गर्नुहोस् ।

Write the social and economic activities of Africa Continent in four points.

१५. वि.सं. २०१७ देखि २०४६ सालसम्मका घटनाहरू उल्लेख गरी समयरेखामा देखाउनुहोस् ।

Present the events from 2017 BS to 2046 BS in time line.

१६. तपाईंले नेपालको कुनै जलविद्युत परियोजना भ्रमण गर्नुभएको होला । तपाईंको भ्रमणका बारेमा निम्न उपशीर्षकहरू प्रयोग गरी एउटा छोटो प्रतिवेदन तयार पार्नुहोस् ।

You must have visited any hydroelectricity project of Nepal. Prepare a short report about your visit by using following subtitles.

(क) शीर्षक र परिचय (Topic and Introduction)

(ख) अध्ययन विधि (Methodology)

(ग) पत्ता लगाइएको कुरा (Findings)

१७. संयुक्त राष्ट्रसंघका कुनै चारवटा विशिष्टीकृत संस्थाहरूको नाम लेखी तिनीहरूको छोटो परिचय दिनुहोस् ।

Name any four specialized organization of the UNO and introduce them in short.

क्रमश:

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** **४x७=२८**

**Write long answer of the following questions.**

१८. "संवैधानिक अङ्गहरूमध्ये वर्तमान नेपालको सन्दर्भमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एक विशिष्ट अङ्ग हो ।" यस भनाइलाई सातवटा बुँदामा प्रष्ट पार्नुहोस् ।

"National Natural Resource and Finance Commission is the distinct organ among all constitutional organs in context of present Nepal." Justify it in seven points.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई उपयुक्त संकेतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।

Draw a full page map of Nepal and insert the following facts using appropriate symbols.

कुम्भकर्ण हिमाल (Mt. Khumbhakarna), कुस्मा (Kusma), छिन्नमस्ता मन्दिर (Chhinnamasta Temple), खप्तड राष्ट्रिय निकुञ्ज (Khaptad National Park)

**अथवा (Or)**

दक्षिण अमेरिकाको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् ।

Draw an outline map of South America and insert the following facts.

अटाकामा मरुभूमि (Atacama Desert), गायना उच्चभूमि (Guiana Highland), एकोन्कागुवा पर्वत (Mt. Aconcagua), रियो द जेनेरियो (Rio-De Jenerio)

२०. राजनीतिक परिवर्तन भनेको के हो ? उदाहरणसहित प्रष्ट्याउनुहोस् । "जनताको इच्छा र चाहनाअनुरूपको राजनीतिक परिवर्तनले देशमा सामाजिक तथा आर्थिक परिवर्तन ल्याउँछ ।" यस भनाइलाई चार बुँदामा प्रष्ट्याउनुहोस् ।

What is political change ? Explain with example. "The political change according to people's wish and desire will bring social and economic change in a country." Explain this saying in four points.

२१. नेपालमा वैदेशिक रोजगारको आर्थिक र सामाजिक प्रभावको मूल्याङ्कन गर्नुहोस् ।

Evaluate economic and social effects of foreign employment in Nepal.

Symbol No.................. RE-123'FP'

**SEE 2075 (2019)**

# अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

## समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. कर्णाली प्रदेशको पर्यटन सम्भावनालाई एक वाक्यमा प्रष्ट पार्नुहोस् ।
Clarify in a sentence about the tourism potentiality of Karnali Province.

२. दक्ष जनशक्ति उत्पादन गर्ने दुईओटा उपायहरू लेख्नुहोस् ।
Write any two measures to produce skilled human resources.

३. संविधान दिवसको महत्त्व एक बुँदामा लेख्नुहोस् ।
Write the importance of constitutional day in a point.

४. अन्तर्राष्ट्रिय संघ संस्थाहरूको गतिविधि नियमन गर्न स्थानीय सरकारको भूमिका के के हुनसक्छन् ? दुईओटा भूमिकाहरू लेख्नुहोस् ।
What can be the roles of local government to regulate the activities of international non-government organizations? Write two roles.

५. सुवर्ण शमशेरको नेतृत्वमा बनेको काम चलाउ सरकारका दुईओटा कार्यहरू लेख्नुहोस् ।
Write down any two functions performed by the care taker government formed under the chairmanship of Subrana Shamsher.

६. पर्यटन प्रबर्द्धन गर्नका लागि आकर्षक नारा तयार पार्नुहोस् ।
Prepare an attractive slogan to promote the tourism.

७. विश्वव्यापीकरणको कुनै एक सकारात्मक पक्ष उल्लेख गर्नुहोस् ।
Mention any one positive aspect of globalization.

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. "दिगो विकास गर्नका लागि गरिबी निवारण आवश्यक हुन्छ" कसरी ? चार बुँदामा प्रष्ट पार्नुहोस् ।
"Poverty alleviation is necessary for sustainable development." How ? Clarify in four points.

क्रमश:

९. तपाईंको समुदायमा स्थानीयस्तरका विकास आयोजनाहरू सञ्चालन गर्दा दक्ष जनशक्तिको अभाव महसुस भएको छ, छैन ? किन ? यस अवस्थाप्रतिको तपाईंको मूल्याङ्कन चार बुँदामा लेख्नुहोस् ।
Is there any feeling of lack of the skilled manpower or not while launching the development projects at local level in your community ? Why ? Mention your evaluation toward this context in four points.

१०. "आजको आधुनिक समयमा ज्येष्ठ नागरिकप्रति राज्य र परिवारका सदस्यहरूले कसरी सम्मान र सहयोग गर्नुपर्दछ ? आफ्ना चार रचनात्मक सुझावहरू लेख्नुहोस् ।
How should we honour and assist the senior citizens by the state and family members in this modern situation ? Mention your constructive suggestions in four points.

११. तपाईंले अध्ययनका क्रममा पहिचान गर्नुभएका सामाजिक समस्याहरूको समाधान गर्ने जिम्मेवारी दिएमा ती समस्याहरू कसरी समाधान गर्नुहुन्छ ? चार समस्या र त्यसको समाधानको उपाय लेख्नुहोस् ।
How do you solve those social problems if you are given the responsibility which you have identified during your study period ? Mention any four problems and ways to solve of them.

१२. मतदान हुनभन्दा अघि एउटा मतदाताले कुनकुन प्रक्रिया पूरा गर्नुपर्छ ? तपाईं मतदान अधिकृत बनेर आफ्ना मतदाताहरूलाई दिने सुझावहरू लेख्नुहोस् ।
What procedure should a voter fulfil before voting ? As a polling officer, write your suggestions to the voters.

१३. प्राकृतिक प्रकोप न्यूनीकरण, पूर्वसावधानी र सचेतना गराउने कार्यमा राज्यको भूमिका चार बुँदामा टिप्पणी गर्नुहोस् ।
Note the role of state regarding natural disaster reduction, precaution and awareness in four points.

१४. अफ्रिका महादेशलाई किन विकासमा पछि परेको महादेश भनिन्छ ? यस महादेशका कुनै दुईओटा भौगोलिक विशेषताहरू लेख्नुहोस् ।
Why is Africa continent called backward continent? Write any two geographical features of this continent.

१५. नेपालको ऐतिहासिक स्थलहरूको किन संरक्षण गर्नुपर्छ ? आफ्नो विचार चार बुँदामा लेख्नुहोस् ।
Why should we protect the historical places of Nepal ? Present your views in four points.

१६. सहकारीका गतिविधिलाई अझ सफल र प्रभावकारी बनाउन राज्यले खेल्नुपर्ने भूमिका लेख्नुहोस्.
Write the roles that the state should play for making more successful and effective of co-operatives activities.

१७. संयुक्त राष्ट्रसंघका अङ्गहरूको नाम लेखी कुनै दुईओटाको छोटकरीमा परिचय दिनुहोस् ।
Make a list of organs of the UNO and introduce any two of them.

क्रमशः

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् । ४x७=२८**

**Write long answer of the following questions.**

१८. 'व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको समन्वयकारी भूमिकाले मात्र देश समृद्ध बन्नसक्छ ।' यो भनाइलाई विश्लेषण गर्नुहोस् ।

'A Nation can be prosperous only by the co-ordinating role of legislative, executive and judiciary.' Analyse this statement.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई उपयुक्त संकेतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।

Draw a full page map of Nepal and insert the following facts using appropriate symbols.

चामे (Chame), तमोर नदी (River Tamor), घोडाघोडी ताल (Lake Ghodaghodi), राजविराज विमानस्थल (Rajbiraj Airport)

**अथवा (Or)**

दक्षिण अमेरिकाको महादेशको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् ।

Draw a map of South America Continent and insert the following facts.

जर्जटाउन (Georgetown), सान जर्जको खाडी (Gulf of San Jorge), कोटोपाक्सी पर्वत (Mt. Cotopaxi), क्याम्पोस (Campos)

२०. नेपालको पञ्चायती व्यवस्थाको अवधि र वि.सं. २०५९-२०६२ सालबीचका मूलभूत समानता र भिन्नताहरूको सूची बनाई प्रस्तुत गर्नुहोस् ।

Present the list of major similarities and differences between the Panchayat period and 2059-2062 B.S. period in Nepal.

२१. नेपालमा विद्युतीय बैंङ्किङको आवश्यकता र यसको वर्तमान अवस्था विश्लेषण गर्नुहोस् ।

Analyze the necessity of E-banking and its present condition in Nepal.

Symbol No.................. RE-123'GP'

**SEE 2075 (2019)**

# अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घण्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

## समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. मानव विकास सूचकाङ्कको अवस्था सुधारका लागि भएका प्रयासहरू पर्याप्त छन् वा छैनन् ? तपाईंको धारणा एक वाक्यमा लेख्नहोस् ।
Do you think the efforts to improve the human development index are sufficient or not ? Write your observation in a sentence.

२. दिगो विकासको लक्ष्य हासिल गर्न राज्यले खेल्नुपर्ने कुनै दुई भूमिका उल्लेख गर्नुहोस् ।
Mention any two roles that should be played by the state to achieve the goal of sustainable development.

३. डक्कारी कुन क्षेत्रमा प्रचलित लोकबाजा हो ?
In which region is Dakkari folk musical instrument widely practised ?

४. बालदिवस मनाउनका लागि एउटा उपयुक्त नारा तयार पार्नुहोस् ।
Prepare a slogan to celebrate the children's day ?

५. नेपालमा प्रथम आमनिर्वाचनपछि गठित सरकारको नेतृत्व कसले गरेका थिए ? र मन्त्रिमण्डल कति सदस्यीय थियो ।
Who had lead the government formed after the 1st general election of Nepal ? What was the numbers of ministers in the cabinet ?

६. वित्तीय साक्षरतालाई प्रभावकारी बनाउन के गर्नुपर्ला ? कुनै एक उपाय प्रस्तुत गर्नुहोस् ।
What should be done to make financial literacy effective ? Present a solution.

७. अन्तर्राष्ट्रिय न्यायलयको कुनै दुईओटा कार्य लेख्नुहोस् ।
Write any two functions of the international court of justice.

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. मानव संसाधन व्यवस्थापनको महत्त्व चार बुँदामा दर्शाउनुहोस् ।
Highlight the importance of Human Resource Management in four points.

क्रमशः

९. केन्द्र र प्रदेश सरकारको अथक प्रयास हुँदाहुँदै पनि चुरे क्षेत्रको दोहन रोकिएको छैन, जसको कारणले गर्दा वातावरणमा नकारात्मक प्रभाव परेको देखिन्छ । यस अवस्थामा स्थानीय तहको भूमिका के हुनसक्छ, चार बुँदामा लेख्नुहोस् ।

Despite the efforts made by federal and state government, the degradation of Chure Hill has not been stopped. It has caused negative impacts in the environment. What role can local level play in this circumstances ? Write in four points.

१०. प्रत्येक वर्ष असोज ३ गतेलाई राष्ट्रिय दिवस मनाउनुको सान्दर्भिकताबारे चार बुँदामा उल्लेख गर्नुहोस् ।

Mention in four points the relevance of observing 3rd Ashwin, every year as a National Day.

११. नेपालको सामाजिक र आर्थिक विकासमा अन्तर्राष्ट्रिय संघ संस्थाहरूले गर्दै आएको सहयोगप्रति तपाईंको आफ्नो धारणा चार बुँदामा लेख्नहोस् ।

Present your opinions in four points on the assistance of international organization in the social and economic development of Nepal.

१२. नेपालका राजननीतिक दलहरू विगतदेखि वर्तमानसम्म लोकतन्त्रको स्थापना र सुदृढीकरण गर्न कति सफल हुँदै आएका छन् ? आफ्नो विश्लेषण चार बुँदामा लेख्नुहोस् ।

How far have the political parties of Nepal become successful to establish and strengthen democracy from the past to present ? Write your analysis in four points.

१३. तपाईं भूमध्यरेखीय क्षेत्रबाट ध्रुवीय क्षेत्रसम्मको भौगोलिक भ्रमण गर्ने अवसर पाउनुभयो भने कुनकुन प्रकारका वनस्पतिहरूको अवलोकन गर्न पाउनुहुनेछ ? ती वनस्पतिहरूको नाम र तिनीहरू त्यहाँ पाइने कारणहरू चार बुँदामा लेख्नुहोस् ।

What types of vegetation would you observe if you got opportunity to travel from equatorial region to polar region ? Write the name of vegetations with reasons in four points.

१४. दक्षिण अमेरिका महादेश र नेपालबीच पाइने कुनै दुईओटा भिन्नता र कुनै दुईओटा समानताहरू लेख्नुहोस् ।

Write any two similarities and two differences between North America continent and Nepal.

१५. प्रथम र द्वितीय विश्वयुद्धमा नेपाली सेनाको संलग्नताले पारेको सकारात्मक र नकारात्मक पक्षहरू समेटी एक संवाद प्रस्तुत गर्नुहोस् ।

Prepare a dialogue mentioning the positive and negative aspects being Nepalese troops involved in First and Second World War.

क्रमश:

१६. आफ्नो निजी व्यवसाय झैँ सहकारी सञ्चालन गर्दै आएका कुनै सहकारीका अध्यक्षलाई यहाँले भेट्ने मौका पाउनुभएमा के सुझाव दिनुहुन्छ ? आफ्ना सुझाव चार बुँदामा प्रस्तुत गर्नुहोस् ।
What suggestions would you give to the chairperson of a co-operative operating as his/her own business in case you got an opportunity to meet him/her ? Present your suggestions in four points.

१७. संयुक्त राष्ट्रसंघले विश्वमा शान्ति स्थापना गर्न खेलेको भूमिका चार बुँदामा लेख्नुहोस् ।
Write the roles played by the UNO in peace keeping in the world in four points.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** **४x७=२८**

**Write long answer of the following questions.**

१८. नेपालको न्यायपालिकाको चुस्त कार्यसम्पादन तथा उक्त अङ्गप्रतिको जनविश्वास वृद्धि गर्न न्यायपालिका स्वयम् र राजनैतिक नेतृत्वले के कस्तो भूमिका निर्वाह गर्नुपर्ला ? चार/चारवटा बुँदामा जवाफ प्रस्तुत गर्नुहोस् ।
What role should the political leadership and judiciary itself play to gear up the trust of public and well-functioning of judiciary in Nepal ? Present the answer in four points each.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई उपयुक्त संकेतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a full page map of Nepal and insert the following facts using appropriate symbols.
सगरमाथा हिमाल (Mt. Everest), सिद्धार्थ राजमार्ग (Siddharth Highway), चिया उत्पादन हुने क्षेत्र (Tea Cultivation Area), वीरेन्द्रनगर (Birendranagar)

**अथवा (Or)**

उत्तर अमेरिकाको नक्सा बनाई निम्न तथ्यहरू भर्नुहोस् ।
Draw a map of North America and insert the following facts.
प्रेरिज (Prairies), सान फ्रान्सिस्को (San Francisco), मेक्सिको खाडी (Gulf of Mexico), म्याकेन्जी पर्वत (Mackenzie Mountain)

२०. वि.सं. २०६२/०६३ सालको जन आन्दोलनका उपलब्धिहरू विगतका आन्दोलनहरूका भन्दा मौलिक छन् । उदाहरसहित प्रष्ट पार्नुहोस् ।
Achievements of People's Revolution, 2062/063 B.S. are more typical than the previous revolutions. Clarify with examples.

२१. उपभोक्ता अधिकार भनेको के हो ? उपभोक्ता शिक्षाबाट हुने फाइदाहरू उल्लेख गर्नुहोस् ।
What is consumer right ? Mention the advantages from consumer right.

**SEE 2075 (2019)**

**अनिवार्य सामाजिक अध्ययन** (नयाँ पाठ्यक्रम)

## उत्तरकुञ्जिका

| प्र.नं. | उत्तर | अङ्क |
|---|---|---|
| १. | दुईवटा सामाजिक विशेषताहरू जस्तै खस भाषाको उत्पत्तिस्थल अद्वितीय संस्कृति, आफ्नै साँस्कृतिक प्रणाली वा मिल्दो दुईवटा विशेषताहरू लेखेमा | ०.५x२ |
| २. | किनभने<br>- सीपयुक्त जनशक्तिले गुणस्तरीय विकासमा मद्दत गर्छ ।<br>- सीपयुक्त जनशक्तिले कामलाई छिटो र सजिलै सम्पन्न गर्छ ।<br>- सीपयुक्त जनशक्ति दिने सेवा चुस्त र प्रभावकारी हुन्छ ।<br>यी र यस्तै मिल्दो कुनै १ कारण लेखेमा | १ |
| ३. | पञ्चबुद्ध नृत्य धर्म र परम्परामा आधारित शास्त्रीय नृत्य हो भनी लेखेमा | १ |
| ४. | तलका जस्तै वा त्यस्तै मिल्दो भूमिका लेखेमा<br>- चेतना जागरण ।<br>- र्‍याली, सडक नाटक जस्ता कार्यक्रम मार्फत् सचेतना प्रदान गर्ने ।<br>- सम्भावित जोखिमयुक्त क्षेत्र पहिचान र आयमूलक कार्यक्रम सञ्चालन ।<br>- अपराधीलाई पहिचान गरी कारबाहीका लागि सिफारिस गर्ने । | १ |
| ५. | दोस्रो विश्वयुद्धपछि सोभियत संघ र संयुक्त राज्य अमेरिका बिच भएको क्रिया प्रतिक्रियालाई शीतयुद्ध भनिन्छ । | १ |
| ६. | अपेक्षित वृद्धि हासिल गर्न तथा राजनैतिक स्थिरता, स्रोतको परिचालन, प्रभावकारी नीति वा यस्तै मिल्दा उत्तर लेखेमा | १ |
| ७. | स्थानयकरणलाई प्रभावकारी बनाउने उपायहरू<br>- स्थानीय ज्ञान, सीप र प्रविधिको अधिकतम प्रयोग<br>- स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन<br>- स्थानीय वस्तु र सेवाको उपयोगमा जोड<br>यी र यस्तै मिल्दाजुल्दा १ बुँदा लेखेमा | १ |
| ८. | (i) प्रमुख पर्यटकीयस्थल:- प्रदेश १- पाथीभरा, अन्तुडाँडा, हलेसी, नाम्चे आदि<br>प्रदेश ७- शुक्लाफाँटा, घोडाघोडी ताल, शैलेश्वरी आदि<br>(ii) प्रमुख व्यापारिक केन्द्र:- प्रदेश १- विराटनगर, भद्रपुर, धरान, इलाम, धनुकुटा आदि<br>प्रदेश ७- धनगीढी, महेन्द्रनगर, डडेलधुरा, दिपायल आदि<br>(iii) प्रमुख नदीहरू:- प्रदेश १- सप्तकोशी, त्रिजुगा, कन्काई, अरूण तमोर (२ वटा)<br>प्रदेश ७- महाकाली, सेती, चमेलिया, (मध्ये २ वटा)<br>माथिका पर्यटकीय, व्यापारिक केन्द्र र प्रमुख नदीहरू दुई-दुईवटा लेखेमा ०.५×६=३ | ०.५०+०.५= १<br>०.५०+०.५= १<br>१+१=२ |
| ९. | • सञ्चयकोष, लगानीकोष, विद्युत प्राधिकरण, नेपाल टेलिकम, बिमा संस्थान आदि संस्थाको लगानीमा पूर्ण स्वदेशी पुँजीबाट सञ्चालन हुने भएकाले भनी लेखेमा - १ अङ्क<br>• आर्थिक क्षेत्रको विकासमा सहयोग पुग्ने - यातायात उद्योग, पुँजी परिचालन<br>• सामाजिक क्षेत्रमा - मध्य पहाडी क्षेत्रका जनताको पहुँच पुग्ने<br>• पर्यावरणीय क्षेत्रमा - यस प्रदेशको वातावरण संरक्षण र दिगो विकासमा मद्दत पुग्ने आदि वा यसै क्षेत्र पहिचान गरी उत्तर दिएमा - ३ अङ्क | ४ |

| | | |
|---|---|---|
| १०. | • बालश्रम शोषण विरूद्ध सम्बन्धित निकायहरूलाई जानकारी गराएर<br>• बालश्रम शोषण विरूद्ध साहित्य सिर्जना र रचना गरेर<br>• बालश्रम शोषण विरूद्ध प्रचारात्मक कार्य (सडक नाटक, ऱ्याली) गरेर<br>अन्य उपयुक्त चार योगदान उल्लेख गरेमा - १×४=४ | ४ |
| ११. | म दाइजो लिने दिने कुरामा असहमत हुन्छु भन्दै तलका जस्तै चार बुँदामा लेखेमा - ४ अङ्क<br>- दाइजो हाम्रो संस्कृति हो तर यसलाई विकृति बनाउनु हुँदैन ।<br>- दाइजो लिएर कसैलाई पुग्दैन । यो आडम्बरमात्र हो ।<br>- विवाहजस्तो पवित्र सम्बन्धलाई सम्पत्तिसँग दाँज्नु हुँदैन ।<br>- दाइजोले घरेलु हिंसा, सामाजिक अशान्ति र अपराधसमेत निम्त्याउने हुँदा यसलाई हटाउनुपर्छ । | ४ |
| १२. | मानव अधिकार घोषणापत्रमा उल्लेख भएका अधिकार र त्यसबाट प्राप्त गरेका फाइदाहरू लेखेमा<br>**उपयोग भएका अधिकारहरू** — **भएका फाइदा**<br>• शिक्षा प्राप्त गर्ने अधिकार — • शिक्षा प्राप्त गर्ने अधिकार<br>• समानताको अधिकार — • कसैले भेदभाव र छुवाछुत नगरेको<br>• शोषणविरूद्धको अधिकार — • कसैले शोषण नगरेको<br>आदि वा यस्तै कुनै चार अधिकार र त्यसको फाइदा लेखेमा | ४ |
| १३. | निम्न बुँदाहरू उल्लेख गरी वा यस्तै मिल्दोजुल्दो बुँदा उल्लेख गरेमा प्रत्येक बुँदाहरूको १ अङ्कका दरले जम्मा - ४ अङ्क<br>- व्यावसायिक खेती गर्न किसानलाई तालिमका साथ उन्नत बीउबिजन प्रदान गर्नुपर्दछ ।<br>- कृषिका कच्चापदार्थ प्रयोग हुने किसिमका उद्योगहरू सञ्चालन गर्नुपर्दछ ।<br>- सिँचाइको सुविधा नपुगेको ठाउँमा सिँचाइ सुविधा पुऱ्याउनुपर्दछ ।<br>- मलखाद, बीउबिजनमा किसानलाई अनुदान दिनुपर्दछ ।<br>- उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन यातायातको पहुँचमा अभिवृद्धि गर्नुपर्दछ ।<br>- सहकारी खेतीमा किसानहरूलाई उत्प्रेरित गर्नुपर्दछ ।<br>- किसानहरूलाई उत्प्रेरित गर्न उनीहरूलाई अवकाशपश्चात् जीवनयापनका लागि ग्यारेन्टी प्रदान गर्नपर्दछ । | ४ |
| १४. | समशितोष्ण प्रदेशका प्रमुख आर्थिक क्रियाकलाप<br>- यहाँका मानिसहरू पर्यटन व्यवसायमा संलग्न छन् ।<br>- जडीबुटी सङ्कलन र बिक्रीबाट आम्दानी गर्छन् ।<br>- कृषि र फलफूल खेती प्रशस्त मात्रामा हुन्छ ।<br>- व्यावसायिक रूपमा पशुपालनमा संलग्न छन् ।<br>- ठूला उद्योगहरू यसै प्रदेशमा छन् । त्यसैले यहाँका मानिसहरू उद्योगबाट प्रशस्त आम्दानी गर्छन् ।<br>जस्ता मिल्ने कुनै ४ वटा आर्थिक क्रियाकलाप लेखेमा | ४ |
| १५ | (i) सरकार छिटोछिटो परिवर्तन हुनु ।<br>(ii) प्रजातान्त्रिक प्रणालीबारे जनतामा सचेतनाको अभाव<br>(iii) राजा महेन्द्र प्रजातान्त्रिक व्यवस्था चाहँदैनथे र उनी बढी आफूसँग शक्ति केन्द्रित गर्न चाहन्थे ।<br>(iv) अपरिपक्व राजनैतिक दलहरू र राणा शासन कायम राख्ने राणाहरूको तीव्र चाहना्<br>यी र यस्तै मिल्दाजुल्दा बुँदाहरू समावेश गरी वक्तृत्वको नमूना तयार पारी लेखेमा प्रत्येक बुँदाको १ अङ्को दरले - ४ अङ्क | ४ |

| | | |
|---|---|---|
